नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा बिभाग

# जिल्ला शिक्षा कार्यालय

रुपन्देही

फोन न ०७१ ५२४४७७ ,
०७१ ५२१४५४
फ्याक्स ०७१ ५२४४७

प.स.२०७४/०७५
च. न. १५६४

मिति : २०७४/१२/२६

**विषय : विद्यार्थी भर्ना , विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धि सूधार कार्यक्रम र निः शूल्क पाठ्यपूस्तक वितरण सम्वन्धमा ।**

श्री जिल्ला स्थित सम्पूर्ण विद्यालयहरु,
रुपन्देही ।

शिक्षा विभाग सानोठिमी, भक्तपुरको विद्यार्थी भर्ना , विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धि सूधार कार्यक्रम सम्वन्धि सूचना, मिति २०७४।१२।१८ च.न. ३७ को निर्देशन अनुसार **"हामी सवैको इच्छा, अनिवार्य नि : शूल्क आधारभूत शिक्षा"** भन्ने आदर्श वाक्य सहित विद्यार्थी भर्ना , विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धि सूधार कार्यक्रम २०७५ तथा निः शूल्क पाठ्यपूस्तक वितरण कार्यक्रमलाइ प्रभावकारी रुपमा सफल पार्नका लागी निम्न अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

१. कार्यक्रम ३ चरणमा सञ्चालन गर्ने । जस अन्तर्गत पहिलो चरण नियमियत भर्ना तथा स्वागत अभियान, दोस्रो चरणमा घरदैलो कार्यक्रम र तेस्रो चरणमा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धि सूधार कार्यक्रम हुनेछन ।

२. प्रथम चरण अन्तर्गत वैशाष २ दे्खि १४ गते सम्म विद्यायमा भर्ना हुन आउने वालवालिकालाइ स्थनीय सँस्कृति अनुसार फुलमाला तथा अविर पहिराइ मस्कान सहित विद्यालयमा स्वागत गर्ने, पूर्ण सेटमा पाठ्यपूस्तक उपलब्ध गराउने साथै नियमित रुपमा पठनपाठन कार्य सञ्चालन गर्ने।

३. शैक्षिक सत्र २०७५ का लागि पाठ्यपूस्तक खरिदको रकम निकासा नभएको भए निकासा प्राप्त भएपछि हिसाव मिलान गर्ने गरि अहिलेलाइ जुनसुकै शिर्षकको रकमावाट पाठ्यपूस्तक खरिद गरि शैक्षिक सत्रको पहिलो दिनमानै विद्यार्थीको हातमा पाठ्यपूस्तक पुग्ने अवस्था सृजना गर्ने ।

४. शिक्षकहरु परिचालन गरि शिक्षा विभागको वेवसाइटमा राखिएको घरधुरी सर्वेक्षण फारमको प्रयोग गरी विद्यालयको सेवाक्षेत्र भित्रका विद्यालय बाहिर वालवालिकाको लगत शैक्षिक सत्र शुरु हुनुभन्दा पहिलेनै संकलन गर्ने र सम्वन्धित स्रोतकेन्द्र मार्फत स्थानीय तहमा र यस कार्यालयमा विवरण पेश गर्ने।

रामचन्द्र खनिया

Email address , deorupandehi@gmail.com
website , www.deorupandehi.gov.np